बेलवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यलय
बेलवारी, मोरङ
**१ न.प्रदेश, नेपाल**

## शिलबन्दी बोलपत्र /दरभाउपत्र आव्हानको सूचना

सूचना न. ०७ ( प्रकाशित मिति : (२०७५।०१।०४)

यस कार्यालयबाट तपशिलमा उल्लेखीत कार्य खरीद प्रकृया बाट आपुर्ती गराउनु पर्ने भएकोले ईच्छुक ईजाजत पत्र प्राप्त फर्म,कम्पनी,आधीकारीक बिक्रेता वा सप्लायर्स हरु बाट निम्न सर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र/ दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरुः

१.ईच्छुक योग्यता पुगेका **सिलबन्दी बोलपत्रदाताले** सुचना प्रकाशीत भएको मितिले ३० औं दिन र **दरभाउपत्रदाताहरुले** १५ औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहूने गरि तपसिल बमोजमिको नगदै तिरी नगदी रसिदका साथ आ.ब. २०७४।०७५ को लागी नबीकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर तथा मू.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. २०७३।०७४ को कर चुक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी बोलपत्र /दरभाउपत्र यस कार्यालयको शहरी पूर्वाधार विकास शाखा बाट खरीद गर्न सकिनेछ ।

२. **शिलबन्दी बोलपत्रहरु** सुचना प्रकाशीत भएको मितिले ३१ औं दिन र **शिलबन्दी दरभाउपत्रहरु** १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ । प्राप्त बोलपत्र र दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे कार्यालयका प्रतिनिधि, बोलपत्रदाता र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । बोलपत्रदाता र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त बोलपत्रदाता र दरभाउपत्रहरु खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र र दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लि. वेलवारी शाखा स्थित **धरौटी खाता नं. २४३०३०३००७१०३ मा** दाखिला गरेको सक्कल भौचर वा कम्तीमा बोलपत्रको लागी ९० दिन र दरभाउपत्रको लागी ७५ दिनको म्याद भएको बोलपत्र / दरभाउपत्र कागजातमा दिईएको नमूना अनुसारको शर्त हरु उल्लेख गरी मान्यता प्राप्त “क” बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड वण्ड (बैंक ग्यारेण्टी) पेश गर्नुपर्ने छ ।

४. बोलपत्र /दरभाउपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. रीत नपुगी वा म्याद नाघी आएका बोलपत्र /दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. दर्ता भएका बोलपत्र /दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. बोलपत्र /दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फ्याक्स नं. स्पष्ट संग लेख्नुपर्ने छ ।

८. बोलपत्र /दरभाउपत्र पेश गर्दा खामको बाहिर माथी कामको विवरण लेखि तल यस कार्यालयको नाम लेख्नुपर्ने छ ।

९. अधिकृत बिक्रेताको हकमा निर्माता कम्पनीबाट दिइएको अधिकार पत्रको प्रमाणीत प्रतीलिपी पेश गर्नुपर्ने छ ।

१० सप्लाई गर्ने सामाग्रीहरु बोलपत्र /दरभाउपत्र साथ संलग्न स्पेसिफिकेसनमा उल्लेख भएका शर्त अनुसारका हुनुपर्नेछ ।

११. खरीद कारबाहीमा भाग लिन अयोग्य छैन भन्ने सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ को ङ बमोजीमको बोलपत्रदाता / दरभाउपत्रदाताले स्वंयम धोषणा पत्र पेश गर्नुपर्नेछ ।

१२. यस सम्वन्धि अन्य कुरा वुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी वुझ्न सकिने छ ।र यस कार्यलयको वेभ साईट http:/www.belbarimun.gov.np मा समेत हेर्न सक्नुहुनेछ ।

१३ बोलपत्र /दरभाउपत्र खरीद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरीद तथा दर्ता गरीने छ ।

१४. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामवली २०६४ तथा प्रचलित अन्य कानुन बमोजीम हुनेछ ।